अगस्ट २०१८

संक्षिप्त समीक्षा पत्र

# नेपालद्वारा प्राप्त अन्तर्राष्ट्रिय सहायता तथा जलवायु वित्त

## पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको थालनी हुँदै देखि अन्तर्राष्ट्रिय आर्थिक सहायताले देशको विकास कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । हालैका वर्षहरूमा नेपालले जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण संबन्धि परियोजनाहरु कार्यान्वयन गर्नका लागि जलवायु वित्त प्राप्त गर्दै आएको छ ।

यो संक्षिप्त समीक्षा पत्र नेपालद्वारा प्राप्त कुल अन्तर्राष्ट्रिय सहायता, जलवायु वित्तका साथै अन्य विभिन्न क्षेत्रमा प्राप्त सहयोग विवरणको चित्रात्मक प्रस्तुति गर्ने एउटा प्रयास हो । यहाँ प्रस्तुत तथ्याङ्कहरु OECD CRS database[1], नेपाल सरकार अर्थ मन्त्रालयको वैदेशिक सहायता व्यवस्थापन पोर्टल र नेपालको राष्ट्रिय बजेट बाट उध्धित गरिएको हो ।


## नेपालले प्राप्त कुल अन्तर्राष्ट्रिय सहायता

हालसम्म नेपालले प्राप्त गरेको कुल अन्तर्राष्ट्रिय सहायता २१.४ बिलियन अमेरिकी डलर रहेको छ ।[2] यसमा द्विपक्षीय र बहुपक्षीय सहायता संस्थाहरुको अनुदान र ऋण रकम समावेश रहेको छ ।

विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास सहायता (IDA, World Bank) नेपाललाई अन्तर्राष्ट्रिय सहायता प्रदान गर्ने सबैभन्दा ठूलो संस्था हो भने यस पछि एशियालि विकास बैंक (एडीबी) रहेको छ । द्विपक्षीय संस्थाहरु मध्ये बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (DFID) सबै भन्दा ठूलो सहायता संस्था हो भने त्यस पछि चीन र युरोपियन युनियन पर्दछन् ।

**नेपालले प्राप्त गरेको कुल अन्तर्राष्ट्रिय सहायता २१.४ बिलियन अमेरिकी डलर**

### ग्राफ १: नेपालका शीर्ष ५ सहयोगी संस्थाहरू




### तालिका १: नेपालका शीर्ष ५ सहयोगी संस्थाहरू


| सहयोगी संस्थाहरू | बिलियनमा |
|---|---|
| आई.डी.ए. (विश्व बैंक) | ४.०६ |
| ए.डी.बी. | ३.३२ |
| डी.एफ्.आइ.डी | १.७५ |
| चीन | १.३ |
| युरोपियन युनियन | १.०७ |
| अन्यहरू | ९.९ |

***Source:*** *Aid Management Portal, Ministry of Finance http://amis.mof.gov.np TEMPLATE/ampTemplate/dashboard/build/index.html*

[1] OECD CRS- Organization for Economic Co-Operation and Development Common Reporting Report
[2] As reported on December 19, 2018 in Ministry of Finance, the Government of Nepal website http://portal.mof.gov.np/portal/

क्षेत्रगत रुपमा हेर्ने हो भने स्थानिय विकासमा सबैभन्दा बढी अन्तर्राष्ट्रिय सहयोग प्राप्त भएको छ । शिक्षा, स्वास्थ्य, सडक यातायात र विद्युत् उत्पादन यस पछिका बढी अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने क्षेत्र हुन ।

**ग्राफ २: अन्तर्राष्ट्रिय सहयोग प्राप्त क्षेत्रहरु**




***Source:** Aid Management Portal, Ministry of Finance http://amis.mof.gov.np TEMPLATE/ampTemplate/dashboard/build/index.html*


## जलवायु वित्त

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका अनुसार जलवायु वित्त भन्नाले जलवायु परि वर्तनका प्रभावलाई न्युनीकरण र अनुकूलन गर्न सार्वजनिक, निजी वा वैकल्पिक स्रोतका माध्यमबाट परिचालन गरिएका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तलाई जनाउँदछ ।

सन् १९९२ को जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिले जलवायु वित्तको अवधारणा शुरु गरेको हो । महासन्धिमा विकसित देशहरूले विकासशील देशहरूमा जलवायु परिवर्तनको सामना गर्न नयाँ र अतिरिक्त वित्तीय स्रोतहरू प्रदान गर्ने व्यवस्था रहेको छ । सन २००९ मा, विकसित देशहरूले सन् २०20 देखि प्रत्येक बर्ष १०० विलियन अमेरिकी डलर विकासशील देशहरुलाई प्रदान गर्ने प्रतिबद्धता गरेका थिए । जुन पछि सन् २०१५ मा पेरिस सम्झौतामा पुनः पुष्टि गऱ्यो ।

OECD सदस्य राष्ट्रहरुले विकासशील देशहरुलाई प्रदान गर्ने जलवायु वित्त OECD CRS मा उल्लेख गरिएको हुन्छ ।


**ग्राफ ३: न्युनिकरण र अनुकूलनका वित्त**




***Source:** OECD CRS database*

सन २०११ देखि २०१६ सम्ममा विभिन्न विकसित राष्ट्रहरुले अन्तर्राष्ट्रिय सहायताका रुपमा नेपाललाई करिब **१५१.०४ मिलियन अमेरिकी डलर** प्रदान गरेका छन् । प्रतिबद्धता गरिएको रकम मध्ये **४९.१७ मिलियन अमेरिकी डलर** न्युनिकरण र **१०१.८७ मिलियन अमेरिकी डलर** अनुकुलनको लागि रहेको छ ।

**ग्राफ ४: प्रतिबद्धता गरिएको जलवायु वित्त**




| | २०११ | २०१२ | २०१३ | २०१४ | २०१५ | २०१६ |
|---|---|---|---|---|---|---|
| अनुकुलन | ५.३७ | ३५.१८ | ३.१२ | २४.७३ | १२.९६ | २०.५१ |
| न्युनिकरण | ०.९५ | ३६.४६ | ३.२१ | ०.७८ | ५.८७ | १.९ |

## राष्ट्रिय बजेटमा जलवायु परिवर्तन

नेपाल सरकारले राष्ट्रिय बजेटमा जलवायु सम्बन्धि कार्यक्रम र परियोजनाहरू पहिचानका लागि जलवायु परिवर्तन बजेट कोडको सुरुवात गरेको छ । बजेटमा जलवायु सम्बन्धी कार्यक्रम र परियोजनाहरूलाई उच्च सान्दर्भिक (Highly Relevant), सान्दर्भिक (Relevant) र तटस्थ (Neutral) गरी तीन वर्गमा विभाजन गरिएको छ । तलको तालिकाले गत ६ आर्थिक वर्षको अवधिमा नेपालको राष्ट्रिय बजेटमा समावेश जलवायु सन्दर्भिक बजेट देखाउँछ ।

**तालिका २: नेपालको राष्ट्रिय बजेटमा जलवायु सन्दर्भिक बजेट**

| आर्थिक बर्ष | कुल बजेट | जलवायु सान्दर्भिक बजेट | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उच्च सान्दर्भिक | % | सान्दर्भिक | % | जम्मा | % |
| २०१३/१४ | ५१७,२४०,००० | २७,७४९,४२३ | ५.३६ | २५,७३३,०९३ | ४.९८ | **५३,४८२,५१६** | १०.३४ |
| २०१४/१५ | ६१८,१००,००० | ३४,९८४,५४३ | ५.६६ | ३१,३६५,११३ | ५.०७ | **६६,३४९,६५६** | १०.७३ |
| २०१५/१६ | ८१९,४६८,८८४ | ४६,३६६,२२८ | ५.६६ | ११२,९८०,५०१ | १३.७९ | **१५९,३४६,७२९** | १९.४५ |
| २०१६/१७ | १,०४८,९२१,३५४ | ६१,८५१,३७६ | ५.९० | १३९,७६२,७६१ | १३.३२ | **२०१,६१४,१३७** | १९.२२ |
| २०१७/१८ | १,२७८,९९४,८५५ | ५७,७३१,२७५ | ४.५१ | ३३५,६२७,८९१ | २६.२४ | **३९३,३५९,१६६** | ३०.७६ |
| २०१८/१९ | १,३१५,१६१,७०० | ५८,००४,५०० | ४.४१ | ४२९,००२,२०० | ३२.६२ | **४८७,००६,७००** | ३७.०३ |


***Source:*** *Budget Speech of Fiscal Year 2013/14, 2014/15, 2015/16, 2016/17, 2017/18 and 2018/19, Ministry of Finance, Government of Nepal*

आर्थिक वर्ष २०१८/१९ मा नेपालको कुल बजेट १३ खर्ब १९ अर्ब १६ करोड रहेको छ जसमा ३७.०३ प्रतिशत बजेट जलवायुसँग सान्दर्भिक बजेट हो । करिब ४.४१ प्रतिशत बजेट उच्च सान्दर्भिक छ भने ३२.६२ प्रतिशत बजेट सान्दर्भिक रहेको छ ।

क्षेत्रगत रुपमा हेर्ने हो भने सबै भन्दा धेरै बजेट ईन्धन र ऊर्जा क्षेत्रको लागि विनियोजन गरिएको छ । त्यस पछि क्रमशः कृषि, वन, माछा पालन र शिकार क्षेत्र, यातायात क्षेत्र, पर्यावरण संरक्षण क्षेत्र र आवास तथा समुदाय क्षेत्रमा रहेको छ ।


**नेपालको कुल बजेट १३ खर्ब १९ अर्ब १६ करोड रहेको छ जसमा ३७.०३ प्रतिशत बजेट जलवायुसँग सान्दर्भिक बजेट हो ।**

### ग्राफ ६: राष्ट्रिय बजेट २०१८/१९मा जलवायुसँग सान्दर्भिक बजेट




**Source:** *Budget Speech of Fiscal Year 2018/19, Ministry of Finance,*

### ग्राफ ७ : क्षेत्रगत रुपमा राष्ट्रिय बजेट २०१८/१९




**Source:** *Budget Speech of Fiscal Year 2018/19, Ministry of Finance, Government of Nepal*

*Prabin Man Singh and Pradeep Bhattarai*

**नोट :** यस संक्षिप्त समीक्षा पत्रमा समावेश गरिएका तथ्यांक माथि उल्लेखित विभिन्न भरपर्दो स्रोतबाट जस्ताको त्यस्तै लिइएका हुन । त्यसैले यी तथ्यांक त्रुटिरहित छन् भन्ने प्रकृति रिर्सोसेस सेन्टर विश्वास गर्दछ ।

GAGGA GLOBAL ALLIANCE FOR GREEN AND GENDER ACTION

fcam BOTH ENDS mama cash

Prakriti Resources Centre


**प्रकृति रिर्सोसेस सेन्टर**
१०७/२२ अरुणा लामा मार्ग,
गणेश बस्ती, नारायण गोपाल चोक काठमाडौं
फोन : ९७७-१-४४२८६०२
**ईमेल :** Info@prc.org.np
**वेब साइट :** www.prc.org.np